# ज्ञानज्योति

आध्यात्मिक तथा नैतिक जागृतिका लागि समर्पित

वर्ष : १५ अंक : ०५ मासिक २०७१ मार्गशीर्ष


## मूल्यनिष्ठ समाजको स्थापना

✍ब्रह्माकुमार रामलखन, शान्तिवन, आबुरोड

चम्किरहेका सूर्य चन्द्रमा, लहराइरहेका समुद्रहरू, गगनचुम्बी पर्वत मालाहरू, हरा-भरा वन उपवन, सङ्गीतमय सरिता, पन्छीहरूको कलरव यी सबै प्राकृतिक सौन्दर्य हुन् । सूर्योदयभन्दा पनि सुखदायी 'उज्यालो' तथा आत्मिक गुलाबभन्दा पनि बढी 'बास्ना' आध्यात्मिक सद्भावनामा हुन्छ । चरित्रवान्हरूको समीपमा आउनाले नै शान्तिदायी प्रेरणा मिल्दछ । उनीहरूको आभाले आँखालाई भन्दा पनि बढी विवेकलाई विश्राम मिल्छ । इमानदारहरूप्रति अवश्य आभार प्रकट हुन्छ । कठिनाइहरूमा पनि कर्तव्य पथमा बढिरहनाले आन्तरिक सौन्दर्य चम्किरहन्छ । उनीहरूको सात्विक जीवन धाराले मानिसको वृत्तिलाई पनि पावन गरिदिन्छ । त्यागी तपस्वी वा मृदुभाषीहरूबाट धेरै आत्मीयताको अनुभव हुन्छ । आत्मिकताबाट पवित्रता र सुख-शान्तिको उपहार मिल्दछ ।

सच्चरित्रताद्वारा अंग-अंगमा आभा भरिन्छ । सत्यमा चल्नेहरू यही लोकमा रहँदा-रहँदै पनि अलौकिकजस्ता लाग्छन् । जीवनमा शक्ति र सौन्दर्य, सदाचारद्वारा नै आउँछ । ब्रह्मचर्यमात्र पवित्रता होइन, यसका साथै संकल्प र आचरण पनि दिव्य हुनुपर्छ । यस्ता मानिसको सम्बन्ध-सम्पर्कमा आउनेबित्तिकै खुशी र शान्ति मिल्दछ । निर्विकारी बन्नेबित्तिकै चोरी-हत्या-व्यभिचारजस्ता कर्म असम्भव हुन थाल्दछन् । विकृतिलाई दमन गर्नुमात्र पवित्रता होइन परन्तु सपना पनि सुन्दर देखिनुपर्छ । हितकारी वचन र दृष्टि पनि पावन हुनुपर्छ । न खराब नजर होस्, न खराब कुरा सुनिऊन् । देवी-देवतासमान आभामय बन्नका लागि हाम्रा कदम पनि खराब कर्मका लागि उठ्नु हुँदैन । जसको आचरण कल्याणकारी हुन्छ वास्तवमा ऊ नै सच्चा धर्मस्थापक हो । शिक्षालाई पढ्नु वा सुन्नुमात्र भन्दा श्रेष्ठ हो त्यसलाई जीवनमा उतार्नु । अनेक धर्म र सम्प्रदायहरू सबैका लागि उपयोगी नभएका कारण नै विभेदलाई बढाइरहेका छन् । यस्तो धर्म ग्लानिको समयमा नयाँ सम्प्रदाय स्थापना गर्नका लागि भगवान्को अवतरण हुने होइन । सम्पूर्ण मानवताको लागि उहाँ मर्यादाको स्थापना गर्दै हुनुहुन्छ । उहाँको दिव्य शिक्षालाई धारणामा ल्याउनेबित्तिकै देवत्वको जागृत् हुन जान्छ । फलत: अन्य धर्म सम्प्रदाय स्वत: समाप्त हुनपुग्छन् । यसैले अहिलेदेखि ईश्वरीय कर्ममा सहयोगी बनेर जन्म-जन्मान्तरका लागि पूज्य पद प्राप्त गरौं ।

काम-क्रोधादि विकारहरूलाई नै परम शत्रु भनिन्छ । क्रोधलाई जित्नु अहिंसा हो, तर कामनाहरूको पूर्ति नभएका कारणले नै तिनीहरू आएका हुन्छन् । अर्थात् काम नै सबै विकारको मुख्य बीज हो । कामीले मुख कालो बनाएर स्वयंको आत्मालाई पतनतर्फ लिएर जान्छ । कालो बजारी तथा मिलावट पनि निम्नकोटिका कार्य हुन् । मोहका कारणले नै भाइ-भतिजावाद जस्ता छिद्रहरू शुरु हुन्छन् । अहंकारीलाई त कसरी निर्विकारी भनिन्छ र ? तन-मन-धन-वचन-कर्मका साथै वायुमण्डलद्वारा पनि सद्गुणको सुगन्ध आउनुपर्छ । वाणीद्वारा दु:ख दिनु पनि हिंसा हो । धर्म-भाषा, क्षेत्र, रंग, रूप-जातिको आन्दोलन मचाइरहनु पनि घोर पातक हो । लुटाइका आधारमा धनवान् बन्नेलाई कसले पवित्र भन्छ र ? विकार-खराबी मनमा आइरहून् र कुनै पनि प्रकारले तिनीहरूको दमन गरिरहनु पवित्रता होइन । त्यसलाई शमन गर्नाले नै सम्पूर्ण प्रकारले मूल्यनिष्ठ समाजको साँचो संस्थापक बन्न सकिन्छ ।

आफ्नै अन्तर्मनमा हेरौं कमजोरी कहाँ लुकेको छ ? वशीभूत

बाँकी ७ पेजमा ....

## अनौठो संगम

✍ब्रह्माकुमार विजयराज सिग्देल

अनौठो संगम ! ज्योतिको साक्षात्कार ! परिवेश विचित्र । नरमभन्दा अति नरम कपास, गरमभन्दा अति गरम आगो अनि अविछिन्न तरल तेल । एक आपसको त्रिवेणीको उपज ज्योति । संगममा सबै सत्य सम्भव । अस्तित्व आ-आफ्नै भए पनि सम्मिश्रणको परिणाम कति सुन्दर अनि कति शास्वत ? जगत् सापेक्षमा अति सुन्दर छ भन्ने कुराको स्पष्टोक्ति हो यो प्रमाण । भौतिक प्रकाश प्राप्तिका लागि यो संगम जति अन्योन्याश्रित छ, साँचो अर्थमा अभौतिक प्रकाशका लागि पनि यही नियम लागु हुन जान्छ ।

जग जाहेर छ आजको दिनसम्म सत्यको खोजीमा समर्पित साधक, तपस्वी, महान् योगी, धर्मगुरु, संन्यासी आदि सबैको ध्येय हो– ज्योति प्राप्ति । भित्र होस् वा बाहिर कतै कहीं । सबै त्यो शाश्वत् ज्योतिस्वरूप परम शक्तिको अनुभूतिका लागि अनवरत प्रयासमा तल्लीन भएका छन् । ध्येयका समीपमा पुगेका ती भाग्यवान् महान् पुरुषार्थीको जीवनले यो त्रिवेणीको संगमलाई सन्तुलन मिलाएको पाइन्छ । यथार्थमा सन्तुलन नै सुन्दरताको चाबी हो । क्षेत्र जुनसुकै किन नहोस्, नियम सबैलाई एउटै लाग्दछ- सन्तुलन ।

हर नर नारीमा कडाभन्दा कडा कमजोरीका लप्काले मनमन्दिरलाई जलाइरहेको छ आज-भोलि । मानौ काम, क्रोध, लोभ, मोह, अहंकारको प्रतिरूप बन्यो मानिस । जान्दछ, यो विकार र बेकार बादल हुन् र पनि इन्द्रेणीको साक्षात्कारबाट वञ्चित छ मनुवा । प्रतिकूलतामा साधु बनेजस्तो गरे पनि अनुकूलताको खोजीमा तडपिरहेको छ । असली डाकुपनले निकास चाहिरहेको हुन्छ । बाहिरबाट ठिकजस्तो देखिए पनि आन्तरिक अवस्था दिक्क हुनेको कुनै कमी छैन समाजमा । विकारको अग्निले ज्वालाको रूप बनाइसक्यो ।

चित्रमै भएपनि मन्दिर, गुम्बा, मस्जिद तथा गिर्जा घरहरूमा ती महान् आत्माको संझना गरिदैछन् आज । दया, प्रेम, स्नेह र सद्भाव पनि उही मात्रामा थियो र आज शून्यतामा पुगिसक्यो भने पनि हुन्छ । अन्तत: ठूलो खाल्डो बन्यो, हिजो र आजमै ।

दूरीको कमीका लागि, मात्र तेलको खाँचो हो भन्नुपर्छ । रातको चकमन्न अँध्यारोलाई बिहानको मिरमिरेले उज्जालोसित अंकमाल गराइदिन्छ । यसैगरी अति कडा मनुवा स्वभावलाई पनि ज्ञानको तेलले कपासलाई ज्योतिर्मय बनाउन टेवा पुऱ्याइरहेको हुन्छ । पिता परमात्म शिवले यही सत्यलाई उजागर गरिदिनुभयो । मानव समर्थ र व्यर्थको संगममा आइपुगेको छ । व्यर्थै-व्यर्थको समाज मौजुदा छ आज, अनि अर्कातर्फ समर्थको समाज निर्माणमा पनि एकथरी जमात लागिरहेको छ । यो संसार हिजो स्वर्ग थियो, हर नर नारी देवी-देवताका रूपमा सम्मानित थिए । आज सबैभन्दा हिंस्रक पनि यीनै नर-नारी बन्न पुगे । स्मृति र विस्मृतिका बीच सत्य ज्ञानले मानव मनलाई पुन: सन्तुलित बनाउनका लागि ज्ञानको अत्यधिक खाँचो भएकै कारण वर्तमान समय परमपिता परमात्म शिवले सद्गुरुका रूपमा पढाइरहनु भएको छ ।

अब एकपटक पुन: जागृत् होऔं । मानव अथाह सम्भावनाको सम्वाहक हो । हामी जागे संसार जाग्छ । कुनै कविले यसै भनेका होइनन्– झक्झक्याउनुहोस्, तपाईंभित्रको महापुरुष जाग्नेछन् ।

तपाईं जाग्नुभयो भने, तपाईं उठ्नुभयो भने , अमेरिकाका ओबामा पनि उठ्नेछन् । कोसिस गर्नेहरूको हार कदापि हुँदैन । गर्दै नगर्नेहरूभन्दा कोसिसमात्र गर्नेहरू पनि दश कदम अगाडि हुने गर्दछन् । आफ्ना जीवनका कमजोरीहरूसहितलाई स्वीकार गर्दै र सद्गुणको बिरुवालाई मलजल गर्दै रहँदा समाजका लागि मानव जीवन दर्पण बन्न सक्दछ । इतिहासमै सबैभन्दा कलंकित मानव समाज पुन: स्वर्णिम मानव समाज निर्माण बन्न सक्दछ । कुनै पनि शुभकार्यको थालनी प्रारम्भमा एकजनाबाटै भएको पाइन्छ । आज तपाईंले शुरु गर्नुभएन भने पनि अर्को तयार भइसक्ने छ । समयले कसैलाई पर्खेर बस्दैन । **जागौं अब** । ✵

सेवालाई खेल सम्झियौ भने कहिल्यै थाक्नेछैनौ, सदा हल्का रहनेछौ । ✵ शिवबाबा

## शिव भगवानुवाच

कुनै पनि विचार ठिकै छ देऊ, सेवाको लागि स्वयम्लाई प्रस्ताव राख । तर विचारको पछि त्यस विचारलाई इच्छाको रुपमा नबदल । जब संकल्प इच्छाको रुपमा बदलिन्छ तब चिडचिडापन आउँछ । नि:स्वार्थ भएर विचार देऊ, स्वार्थ राखेर होइन । मैले भनेको हुनै पर्छ– यो नसोच, प्रस्ताव राख, तर के किन मा नआऊ, नत्रभने ईर्ष्या-घृणा एक एक साथी आउँछन् । स्वार्थ वा ईर्ष्याको कारणले पनि क्रोध उत्पन्न हुन्छ, अब यसबाट पनि मुक्त बन ।

## अनमोल मोती

● वर्षौंदेखि बन्द रहेको ओडारलाई एउटा सानो बत्तीले सेकेन्डमा प्रकाशित गरिदिन्छ । आशालाई कहिल्यै नछोडौं के जान्ने कुनै क्षण पूरै ढोका खोलिन पनि सक्छ ।

● यदि मानिसले सिक्न चाहने हो भने उसको प्रत्येक भूलले उसलाई धेरै कुरा सिकाउन खोजिरहेको हुन्छ ।

● कुआमा उत्रिने बाल्टी झुक्यो भनेमात्र बाहिर आउँदा पानी लिएर आउन सक्छ । यही नियम मानव जीवनमा पनि लागु हुन्छ, जो झुक्छ उसैले प्राप्त गर्छ ।

## सम्पादकीय

# परिवर्तनको रहस्य

वास्तविक अवस्थामा पुग्ने प्रक्रिया नै परिवर्तन हो । के सोच्दा शान्ति हुन्छ, के गर्दा आनन्द आउँछ, कसरी मनमा खुशी रहन्छ, के गर्दा सुख प्राप्त हुन्छ भन्ने कुराको खोज गर्ने क्रममा परिवर्तनको प्रक्रिया निरन्तर अगाडि बढिरहेको हुन्छ । भौतिक परिवर्तन र आध्यात्मिक परिवर्तन दुवैको सन्तुलन हुनु आवश्यक छ । भौतिक विकासले सुख र सुविधाका साधनको पर्याप्तता बढ्दै गइरहेको छ त्यसका साथ-साथै आध्यात्मिक ज्ञानद्वारा सोचाइमा पनि सकारात्मक परिवर्तन ल्याउनु आवश्यक छ । सुख सुविधाका साधनको वृद्धिका साथ-साथै स्वभाव र संस्कारमा पनि परिवर्तन भएमा जीवनमा शान्तिको अनुभूति हुन्छ । सुख र शान्ति दुवैको संयोगबाट नै आनन्दको जन्म हुन्छ । जीवनमा भौतिक सुख र शान्ति दुवै कुरा सँग-सँगै प्राप्त हुनुपर्छ । आनन्द पनि भौतिक पदार्थबाट नै प्राप्त हुन्छ भन्ने सोचले नशालु पदार्थको आविष्कार भएको छ । नशालु पदार्थले क्षणिक समयका लागि सोच्ने शक्तिलाई कमजोर बनाइदिन्छ, त्यसले गर्दा मनमा आनन्द आएको महसुस हुन्छ, तर, अन्ततो गत्वा त्यसको नकारात्मक परिणामको सिकार बन्नु पर्ने हुन्छ । रोग र शोकमा जीवन व्यतीत गर्नुपर्ने अवस्था सृजना हुन्छ ।

वास्तवमा सुविधाका साधनविना सुखको अनुभूति निरन्तर गर्न सकिंदैन । त्यसैले भौतिक साधनको सहारा जीवनमा अनिवार्य छ । भौतिक साधनलाई त्यागेर सुख प्राप्तिको आशा पूर्ण हुँदैन, तर भौतिक साधनबाट नै शान्ति प्राप्त हुन्छ भन्ने मान्यतालाई भने परिवर्तन गर्नुपर्ने हुन्छ । जसरी सुख प्राप्तिका लागि भौतिक साधन आवश्यक हुन्छ, त्यसैगरी शान्ति प्राप्तिका लागि पनि आध्यात्मिक साधनामा समय दिनुपर्ने हुन्छ। आध्यात्मिक ज्ञान अनुकूल जीवन बनाउने पुरुषार्थ गर्नु नै साधना हो । आध्यात्मिक ज्ञान केवल जीवन भुलाउनको लागि मात्र प्रयोग नगरेर जीवन बनाउनमा प्रयोग गर्नुपर्ने हुन्छ । अनि जीवनको रहस्य आफैं खुल्दै जान्छ । जीवनमा पूर्णताको आभास हुन थाल्छ । कमाउनु, खानु, लाउनु यो त अनिवार्य पक्ष हो तर गुजारा गर्नुमात्र जीवन होइन । जीवनको आनन्द त परिवर्तन हुनुमा छ ।

यो संसार दु:ख भोग्नको लागि होइन तर आध्यात्मिक ज्ञानको कमीले आज संसार दु:खको सागर बन्न पुगेको छ । जब दु:ख दिने स्वभावलाई त्यागिन्छ अनिमात्र सुखद जीवन व्यतीत गर्न सकिन्छ । आज अभावले भन्दा पनि बढी दु:ख मानिसको आफ्नै स्वभावले दिएको छ । अभावलाई त कसैको सहयोगद्वारा पूर्ति गर्न सकिन्छ तर स्वभाव परिवर्तन गर्नको लागि त गहिरो चिन्तन हुनु आवश्यक छ ।

आध्यात्मिक ज्ञानले मानिसभित्र भएको अभिमान नै सबैभन्दा ठूलो दु:खको कारण भन्ने रहस्यको बोध गराउँछ । अभिमानले अपमान सहन गर्न दिदैन । जीवनको मार्गमा अपमानरुपी काँडाहरु प्रशस्तै भेटिन्छन् । जहाँ अपमान भएको महसुस हुन्छ त्यहाँ मानसिक पीडा शुरु हुन्छ । जीवनमा सबैबाट सम्मानमात्र मिलोस् यो त सम्भव हुन सक्दैन । त्यसैले अरुलाई दोष दिनुको सट्टा अभिमानलाई त्याग गरेर दु:खबाट मुक्ति प्राप्त गर्नुमा नै सदाको लागि कल्याण छ । अभिमानले झुक्न दिदैन, नझुकेसम्म कुनै चीजलाई उठाउन सकिदैन । जो झुक्न जान्दछ उसले आफ्नो जीवनलाई उठाउन सफल हुन्छ । भनिन्छ पनि फलेको वृक्ष नझुकेको कहाँ हुन्छ र ? नरम चीज नै जता पनि मोडिन्छ । आध्यात्मिक ज्ञानले नरम बन्न प्रेरणा प्रदान गर्छ । नम्रता र मधुरता महानताका लक्षण हुन् । बुद्धले आफ्नो मुख मण्डलमा थुक्नेलाई, जिसस क्राइष्टले आफूलाई क्रुसमा झुण्ड्याउनेहरुलाई, ब्रह्माकुमारी ईश्वरीय विश्व विद्यालयका साकार संस्थापक ब्रह्माबाबाले आफैंलाई हत्या गर्न आउनेलाई प्रेमपूर्ण मधुर शब्दले नम्रता पूर्वक उनीहरुप्रति गर्नु भएको व्यवहारले नै आज उहाँहरु सबैको दिलमा बस्न सफल हुनुभएको छ । परिस्थिति त सबैलाई आउँछ तर त्यसलाई हेर्ने विशाल दृष्टिकोण हुनु आवश्यक छ । विवेकको क्षितिज जति फराकिलो बन्छ त्यति नै सबैको कमजोरीलाई समाहित गर्न सकिन्छ । दिललाई विशाल सागर बनाएपछि परिस्थितिरुपी नदीहरुबाट बगेर आएका सबै कुराहरु त्यसैभित्र समाहित हुन पुग्छन्।

महानताको उचाइलाई छुने रहर पूरा गर्न परिस्थितिरुपी पहाडमा चढ्न अवश्य जान्नुपर्ने हुन्छ । यो संसारमा जान्नुपर्ने कुराहरु अथाह छन् । सबै कुरा जान्न त धेरै जन्म लिनुपर्ने हुन्छ, तर वर्तमान जीवनलाई सरल बनाउने कला भने सबैले जान्नुपर्ने हुन्छ । आन्तरिक लक्ष्य जस्तो हुन्छ त्यसै अनुसार जीवनमा राम्रा-नराम्रा लक्षणहरु देखा पर्छन्। जब सबैसँग प्रेम र सम्मान पूर्वक व्यवहार गर्ने संकल्प राखिन्छ, त्यसपछि व्यवहारमा नम्रता स्वत: झल्किन्छ । जब स्नेह र सम्मान दिने भावना मनमा आउँछ अनि अरुबाट प्राप्त होस् भन्ने कामना कम हुँदै जान्छ । अरुलाई दिने इच्छा प्रबल भएपछि आफूले प्राप्त गर्ने कामना निर्बल बन्नपुग्छ । स्नेह दिनु, सहयोग गर्नु, सम्मान दिनु, सबैको कल्याणको भावना राखेर कर्म गर्नु नै दाता बन्नु हो । दिने दाता नै सम्मानको पात्र बन्छ । जसले वर्तमान समयमा दिन्छ ऊ नै भविष्यमा अनेक जन्म प्राप्तिको अधिकारी बन्दछ । संसारमा जस्तो गरिन्छ त्यस्तै फल प्राप्त हुन्छ । यो आध्यात्मिक रहस्यलाई बुझेपछि दाता बन्न सजिलो अनुभव हुन्छ । अरुबाट प्राप्त गर्ने स्वार्थलाई त्यागेर अरुलाई दिने कर्म गर्नु नै वास्तविक परिवर्तन हो । दातापनले मनमा उदार भावनाको संचार गरिदिन्छ । जति दिए पनि कमी नहुने र जति पाए पनि बढी नलाग्ने यो स्नेह र सम्मानको सुखद लेनदेन जति गर्न सकिन्छ त्यतिमात्रामा सबैलाई लाभ हुन्छ । वास्तवमा निस्स्वार्थ भावना, उदारचित र विशाल हृदयले सबैको कमजोरीलाई समाहित गरेर निरन्तर स्नेह र सम्मान दिन सक्नु नै महान् परिवर्तन हो ।

- ब्रह्माकुमार अर्जुन

# उमेर अवधि र उपलब्धि

✍ब्रह्माकुमार रामसिंह ऐर, काठमाण्डौ

अध्यात्म र विज्ञानको दौड तथा प्रयास मानव जीवनलाई सार्थक र उपलब्धिपूर्ण बनाउनका लागि हो । कुदरतले मानवलाई केही न केही चमत्कारी कार्य गर्न सकोस्, साथै स्वयं पनि सुखी, शान्त र समृद्ध बनी बाँच्न सकोस् र अरूलाई पनि त्यसरी नै बाँच्न सहयोग दिन सकोस् भनेर बुद्धिरूपी वरदान प्रदान गरेको छ । संसाररूपी कर्म क्षेत्र अनेक प्रकारका चुनौती र शुभअवसरको संगम स्थल हो । जीवनरूपी यात्रामा मानिसले यी दुवैसंग तालमेल गरी स्वीकार गर्नुपर्दछ । कहिल्यै पनि यस्तो अन्यौलमा रहनुहुँदैन– आत्मिक साधना र परमात्म बल र भरोसामा रहेका मानिसहरूका अगाडि समस्या, बाधा, व्यवधान र चुनौतीहरू आउँदैनन् । उनीहरूलाई यस्ता असहज परिस्थितिको सामना गर्नु पर्दैन, कदाचित् होइन । आध्यात्मिक क्षेत्रका महापुरुषहरूले पनि यी सबै कुराहरूसँग जुझ्दै यिनीहरूलाई समाधान गरी सफलताको शिखर प्राप्त गरेको पाइन्छ, भने वैज्ञानिक, आविष्कारकहरूले पनि यी सबै कुराहरूलाई सामना र समाधान गर्दै आफ्नो लक्ष्य र उद्देश्य प्राप्त गरेका उदाहरण छन् । साथै महान् लक्ष्य लिएर अगाडि बढ्ने जुनसुकै क्षेत्रका व्यक्तिहरूले समस्या र समाधानका उकाली ओरालीको यात्रा तय गर्नु नै पर्दछ ।

समय, मानिसको अमूल्य सम्पत्ति हो तर यसलाई समात्न सक्नुपर्दछ किनकि यो अविरल गतिले अगाडि बढिरहेको हुन्छ । यसले कसैलाई पर्खेर बस्दैन । यसलाई रोक्ने चेष्टा गर्नु आफैंमा अज्ञानता हो । किनकि समयको प्रकृति नै हो अगाडि बढ्नु । यसरी निरन्तर गतिशील रहेन समयरूपी सम्पत्तिलाई कसले कति सदुपयोग गर्न सक्यो वा सकेन त्यसबाट नै मानिसको जीवनको महानता र कनिष्ठताको आकलन गर्न सकिन्छ । जुन व्यक्तिले आफ्नो समय,




संकल्प, स्वाँस आदिलाई खेर नफाली उपयुक्त रूपमा प्रयोग गरेको हुन्छ उसको लागि सफलताको विजयमाला, जन्म सिद्ध अधिकारका रूपमा प्राप्त हुने गर्दछ । दृढ संकल्प र सकारात्मक दृष्टिकोण भएका महान् व्यक्तिहरूलाई समस्यारूपी अवरोधहरूले कुनै पनि प्रकारको छेकबार गर्न सक्दैन । सकारात्मक सोच भएका व्यक्तिहरू समस्या, असफलता, हानी, नोक्सानीलाई समेत नयाँ अनुभव गराउने र शिक्षा दिने सुन्दर क्षणका रूपमा ग्रहण गर्दै अगाडि बढ्दछन् ।

अर्को पक्ष के भने बितेको समयको स्मरणबाट दु:खी हुनु र भविष्यका लागि चिन्ता गरी समय खेर फाल्नुको सट्टा वर्तमान समय सर्वाधिक महत्त्वपूर्ण भएकाले यसको पूरा फाइदा लिन सक्नु नै ज्ञानको यथार्थ समझ मान्न सकिन्छ । विगतलाई बिर्सौं, भविष्यलाई छोडौं बरु वर्तमानमा बाँच्न जानौं यो नै बुद्धिमानी हो । अज्ञानताका कारण जीवनको अधिक समय व्यर्थै बिते पनि समझ स्पष्ट भएको बेलादेखि समयको सही रूपमा उपयोग गर्न सके निकै उपलब्धि गर्न सकिन्छ । समयको मूल्यलाई केवल मिनट, घण्टा, महिना वा वर्षको गणनाले मात्रै पुष्टि गर्दैन, यो (cronas of time) अर्थात् समयको अवधि र लम्बाइलाई मात्रै गणना गर्ने कुरा भयो । अर्को समयको मूल्य भनेको kyros of time अर्थात् निर्धारित समयमा कति महत्त्वपूर्ण कार्यहरू सम्पन्न गर्न सकियो, कति प्रकारका आविष्कारहरू गरिए, कति ठूला चिन्तनहरू दिएर समाजमा नयाँ सकारात्मक परिवर्तन गर्न सकियो ? मानिसका कुसंस्कार, कुरीति र अन्धविश्वास हटाउने पक्षमा कति हदसम्म सफल भइयो ? कति संख्यामा मानिसहरूको उद्धार गर्ने कार्य गर्न सकियो ? अत: थोरै समयमा उपलब्ध भएको सफलताको परिणाम महत्वपूर्ण पक्ष हो । त्यसैले समयलाई महिना, वर्ष, दिन र घण्टाको गणनामा मापन गर्नुभन्दा पनि त्यस सीमाभित्र गरिएका उत्पादनमूलक र सुधारमूलक कार्यहरूको लेखाजोखाबाट आकलन गर्नु बढी युक्तिसंगत हुनेछ ।

इतिहास कालमा कतिपय महान् विभूतिहरू आयुको हिसाबले अल्प उमेरमा नै दिवगंत हुनभएको छ, तर त्यही समयावधिमा उहाँहरूले जुन महान् कार्य गर्नुभयो, समाजलाई नयाँ प्रेरणा र सन्देश दिएर जानुभयो त्यसबाट उहाँहरू अहिले पनि समाजका आँखामा अति नै सम्मानित हुनुका साथै उत्प्रेरणाका श्रोत बन्नु भएको छ । उहाँहरूका कर्तव्य र कीर्तिहरूले हामीलाई हौसला, मार्गदर्शन र ऊर्जा प्राप्त गराइरहेको छ । उदाहरणका लागि आद्य शंकराचार्यले केवल ३२ वर्षमा शरीर परित्याग गर्नुभएको थियो, तर उहाँले त्यही आयुमा गर्नु भएको संन्यास धर्मको स्थापना, प्रकाण्ड विद्वत्ता, शास्त्र रचना आदिलाई वास्तवमा अद्वितीय कार्य मान्न सकिन्छ । स्वामी विवेकानन्द जो केवल ३६ वर्षमात्रै बचेका थिए । उनले आफ्नो कार्यकालमा पूर्वीय दर्शनको महत्वलाई न केवल भारत वर्ष अपितु पश्चिममा अमेरिकासम्म यश-कीर्तिलाई फैलाएर पश्चिमी मुलुकका मानिसहरूलाई समेत चकित पारिदिएका थिए । यसै गरी विद्वान् रामतीर्थको ३३ वर्षमा नै निधन भएको थिए । प्रजापिता ब्रह्माकुमारी ईश्वरीय विश्व विद्यालयका प्रथम प्रमुख मातेश्वरी जगदम्बा सरस्वती पनि ४४ वर्षमा अव्यक्त हुनुभएको थियो । तर त्यही समयावधिमा उहाँ आध्यात्मिक ज्ञान, गुण र शक्तिले आफूलाई भरपूर गरी सम्पूर्णता प्राप्त गर्न सफल हुनुभएको थियो भने यस ब्रह्माकुमारी मिसनलाई विस्तार गर्नमा समेत अहम् भूमिका निर्वाह गर्नुभएको थियो । जसको अनुसरणबाट आज हजारौं लाखौं नरनारीहरू आफ्नो जीवनलाई नैतिकवान्, चरित्रवान् र सत्यनिष्ठ बनाउन सफल भएका छन् र भइरहेका छन् ।

कुनै पनि क्षेत्रमा कार्यरत व्यक्तिको त्यसमा आबद्ध रहेको समयको गणनाभन्दा पनि उसले गरेको उत्कृष्ट कार्य महत्त्वपूर्ण मानिन्छ । आध्यात्मिक मार्गका पथिकहरूको जीवनमा पनि त्यही कुरा लागु हुन्छ । हामी यति समयदेखि ज्ञानमा चलिरहेका छौं भन्नु ठीक छ । तर त्योभन्दा पनि अझ गौरवको विषय ज्ञानले हामीलाई जस्तो स्वभाव, संस्कार, जीवन दर्शन र सुसंस्कृत गर्न खोजेको छ त्यसमा हामी कति प्राक्टिकल बन्यौं । त्यसको जीवन्त उदाहरण कति हदसम्म बन्न सकिएको छ, त्यसप्रति केन्द्रित हुन बढी उपयुक्त हुनेछ । समयको लम्बाईभन्दा पनि परिवर्तन र श्रेष्ठ जीवन पद्धतिको उचाई कति माथि उठाउन सकियो त्यसले महत्त्व राख्दछ । हाम्रो संकल्प, बोल, कर्म, व्यवहार र मुहार तथा चालचलनले ज्ञानको अनुपम आदर्शलाई प्रदर्शन गर्न सकोस् त्यो नै ज्ञानी योगी जीवनको महिमा र गरिमा हुनेछ ।

सार संक्षेपमा तात्पर्य के भने वर्तमान महत्त्वपूर्ण बेला हामी सबैका लागि अति नै किमती छ । एकातिर विज्ञानको सूक्ष्मताले सुख, सुविधाका साधनहरूलाई रिफाइन गर्दै दुर्घटना रहित बनाउने कार्यमा सघाइरहेको छ । हरेक साधनहरू द्रुतगति (Fast speed) मा उत्पादन भइरहेका छन् । महापरिवर्तन पछिको नयाँ युगमा सबै साधनहरू दुर्घटनामुक्त हुनेछन् भने अर्कोतिर आध्यात्मिक ज्ञान-योगले चेतन शक्ति आत्मालाई पूर्णरूपमा सतोप्रधान बनाउँदै छ । आत्माले धेरै समयसम्म अभ्यास गरी प्राप्त गरेको आध्यात्मिक शक्तिले अन्य दु:खी र कमजोर आत्मालाई कम मेहनत र सेकेन्डको समयमा सुख-शान्तिको अनुभूति एवं परमात्म प्रत्यक्षता गराउने छ । जसबाट आत्माका मौलिक स्वभाव, संस्कार, शान्ति, प्रेम, सुख, ज्ञान, पवित्रता र शक्ति पूर्णरूपमा सक्रिय हुनेछन् । चेतन शक्तिका सबै सूक्ष्म कमजोरीहरू काम, क्रोधादि, विकार, ईर्ष्या-द्वेष सबै समाप्त हुनेछन् । आउने नयाँ युगमा दैवीगुण र संस्कार भएका देव आत्माहरूको नै उपस्थिति हुनेछ । यसरी वर्तमान् समयको विज्ञान अध्यात्मको सुमेलबाट सुन्दर, सुखद एवं समृद्ध सत्ययुगी संसारको निर्माण हुनेछ । यसका लागि नै वर्तमान समयको पूरा सदुपयोग गरौं ।

*ईश्वरले त्यस मानिसलाई कहिल्यै सहायता गर्दैन जसले काम गर्दैन ।* – सोफोक्लस




### काँडेधनियाँ ठूलो

*परिचय :* यो एक फिट अग्लो हाँगा झुपुक्क परेको काँडादार, बास्नादार, फूल हरियो लाम्चोभित्र कालो बीज समशीतोष्ण हावा-पानीमा पाइन्छ । *गुण-धर्म :* यो रक्तवर्धक, मूत्रल, नेत्रज्योति प्रदायक, बलकारी, पित्तनाशक मानिन्छ । *स्वाद :* मीठो स्वाद र स्वभाव शीतल । *औषधीय उपयोग :* आँखा तेज पार्छ, रगत बढाउँछ, अम्लपित्त र कमलपित्त हटाउँछ, पेटका घाउमा लाभ पुऱ्याउँछ, विजातीयद्रव्य निष्कासन गर्छ, पेट पोल्ने र डाहा/शूलमा फाइदा दिन्छ । यसले पित्तज्वर, शरीरमा गाँठा-गिर्खा निस्कने र छालामा कडापन आउने, अति गर्मी र रगत कमी आदिमा छिटो लाभ पुऱ्याउँछ । यसको चटनी, अचार र चूर्णले स्वास्थ्यरक्षा गर्छ । काँचो ताजा अथवा हरियो फाँणो खाँदा विशेष लाभ पुऱ्याउँछ । यसको रस र काँढापानी १/१ माना, अर्क : २०-३० ग्राम, साग ५०-१०० ग्राम, अत्तर : ३-५ थोपा, चुस्ने ३-५ पटक ।

### धनियाँ वनेलु, वन धनियाँ

*चिनारी :* यो १-२ फिट अग्लो सर्वत्र पाइन्छ । यो सेतो फुल्ने गोलो गेडा सुगन्धित झार असोज-कार्तिकमा गेडा पाक्छ । यसको स्वाद मीठो सुगन्धित र स्वभाव शामक-निर्दोष हुन्छ । *गुण-धर्म :* यो रक्तवर्धक, मूत्रल, पित्तनाशक, मृगौला पौष्टिक, अग्निवर्धक, पित्तज्वर निवारक, नेत्रज्योति प्रदायक मानिन्छ । *औषधीय उपयोग :* यसको हरियो साग, स्वरस र गेडाले रक्तस्राव रोक्छ, गर्मी- पित्तज्वर ठीक गर्छ, आँखाको दिव्यता बढाउँछ, पित्तरोग, पत्थरी घटाउँछ, अपच, मृगौला सुक्खा इत्यादिमा सन्चो गराई लाभ पुऱ्याउँछ । *मात्रा :* गेडा १-२ ग्राम, लेदो/स्वरस ५-१० ग्राम, काँढापानी १/१ माना, पञ्चाङ्ग चूर्ण ३-५ ग्राम ३-५ पटक । यसको हरियो रस वा पात चुसिरहने ।

### धनियाँ उच्चपहाडी, लेकको धनियाँ

*चिनारी :* यो १-२ फिट अग्लो, सेतो फुल्ने १८००-२८०० मिटरमा पाइन्छ । यो साउनतिर झुप्पामा सेतो फुल्छ र असोजमा फल पाक्छ । कार्तिक-मङ्सिरमा यो बोट नै हराउँछ । फेरि बैशाख-जेठमा नयाँ उम्रन्छ । *गुण-धर्म* :यो वातव्याधिहर, शोथघ्न, अग्निप्रदायक, अर्बुदहर, चर्मरोगनाशक, पित्तनाशक मानिन्छ । *स्वाद :* बास्नादार-परपराउने र *स्वभाव :* शीतल-शामक । *औषधीय उपयोग :* यसले पेट दुख्ने-पोल्ने, अम्लपित्त, गर्मीपित्तज्वर, अपच-अजीर्ण, गानोगोला-ग्यास्ट्रिक, अर्श, ज्वर, हैजा इत्यादिमा सन्चो गरी अचुक लाभ पुऱ्याउँछ । *मात्रा :* लेदो ३-५ ग्राम, अर्क : १०-२० ग्राम, अत्तर : १-२ थोपा, काँढापानी मानाभर ३-५ पटक । यसको साग वा हरियो रस/लेदो खानाले समस्त अर्बुद रोग हट्छ ।




### धनियाँ नेपाली, धान्यक, धना

*चिनारी :* यो सेतो फुल्ने धनिया १-२ फिट अग्लो सर्वत्र खेती हुन्छ । *गुण-धर्म :* यो रक्तशोधक, दीपन, पाचक, वातानुलोमक, सङ्ग्राही, दाहशामक र स्वादिष्ट मानिन्छ । धनियाँलाई सौम्य प्रकृतिको सर्वहितकारी नरम मसलाको रूपमा सधैं प्रयोग गरिन्छ । ज्वरमा-दाह र प्यास शान्तिका लागि मिश्रीको साथमा धनियाँ काँढा या चूर्ण लाभदायक हुन्छ । शिर दर्द र भलायो उम्रिनेमा काँचो धनियाँले लेप लगाउनुपर्छ । रक्तस्राव र रक्तार्शमा धनियाँ मिश्री पानीले फाइदा दिन्छ । हरियो धनियाँ भिटामिन 'ए' को स्रोत हो र यसले गर्मी शरीर ठन्डा पार्छ, पित्तलाई शान्ति गराउँछ, पित्तविकार नष्ट गर्छ । यसको अत्तर : ३-५ थोपा, अर्क : २०-३० ग्राम, लेदो/चूर्ण ५-१० ग्राम, रस र काँढापानी १/१ माना ३-५ पटक । यसको हरियो लेदो वा सागले शुद्ध रगत बनाउँछ ।

### धनियाँ सियो काँडेदार सानो

*चिनारी :* यो अर्को स्थानीय धनियाँसमान पात, लामो डाँठ, फूल सेतो फुल्छ । यो उष्ण तथा समशीतोष्ण क्षेत्रमा पाइन्छ । हरियो साग/स्वरसले आँखामा दिव्यता ल्याउँछ, रगत बढाउँछ, रक्तपित्त र पित्तविकार हटाउँछ, रक्तस्राव रोक्छ, गर्मी पित्तज्वर ठीक गर्छ, मृगौला शुष्कतामा लाभ पुऱ्याउँछ । यसको गेडा भिजाएर खाँदा अमलपित्त, कमलपित्त, पत्थरी, मुख सुक्ने, आमाशयको घाउ, उच्चरक्तचाप आदि सन्चो गर्छ । यसको स्वरस र काँढापानी १/१ माना, अत्तर : ३-५ थोपा, अर्क : ३०-५० ग्राम, साग १०० ग्राम ३-५ पटक । यसको लेदो/रस वा काँचो चुस्नाले हरेक रोगमा हित गर्छ र छिटो उठाउँछ ।

साभार : आधुनिक जडीबुटी विज्ञान
लेखक : योगी धर्म महारस

## छिद्रै-छिद्र भएको मन

प्रस्तोता : ब्रह्माकुमार प्रेमराज लेखक, गीतानगर

संन्यासीको पासमा एक जना सेठ आए । उनको पासमा अपार सम्पत्ति थियो, तर शान्ति थिएन । उनी दुःखी थिए । उनले संन्यासीसँग सोधे- ...महाराज म धेरै दुःखी छु । यस्तो कुनै मन्त्र बताउनुहोस् जसले गर्दा मेरो दुःख नष्ट होस् । संन्यासीले भने- ...सेठजी पहिले मलाई भोजन गराउनुहोस् । म भोकाएको छु । अनि मन्त्र बताउनेछु । सेठलाई बडो आश्चर्य लाग्यो ! तर उनी विवश थिए । उनले दूध मगाए । संन्यासीले भने- ...यस पात्रमा दुध राख्नुहोस् । सेठले देखे, र भने- ...संन्यासीजी के भन्नुभयो ? यस पात्रमा दूध हालें भने तपाईंले पिउनुहुनेछ वा जमिनले पिउनेछ ? यसमा त एक थोपा पनि दूध टिक्न सक्दैन । तपाईंले के भनिरहनु भएको छ ? तपाईंले अर्को पात्र निकाल्नुहोस् जसमा छिद्र नहोस् ।

संन्यासीले भने, तपाईंले ठीक भन्नुभयो । यदि मेरो छिद्र भएको पात्रमा तपाईंको दूध टिक्दैन भने तपाईंको छिद्र भएको मनमा मेरो मन्त्र कसरी टिक्न सक्नेछ ? तपाईंले छिद्र नभएको मन ल्याउनुहोस् अनि म मन्त्र दिनेछु ।

स्थूल वस्तुको परिग्रहले मनमा यति छिद्र बनाएको छ कि त्यसमा अध्यात्मको कुनै कुरा टिक्दै टिक्दैन । आश्चर्य छ नि ! मनुष्यले यति प्रवचन सुन्छ, शास्त्रहरूको पारायण गर्छ, जप-तप गर्छ तर कुनै कुराले पनि मनमा असर गर्दैन । कुनै कुरा पनि मनमा टिक्दैन किनकि मन छिद्रै-छिद्रले भरिएको छ । सर्वत्र छिद्रै-छिद्र छन् । चाल्नोमा पानी कहाँ टिक्न सक्छ र !

विद्यार्थीले उही विषयमा बढी मेहनत र समय दिनुपर्ने हुन्छ जुन विषयमा ऊ कमजोर छ । नत्रभने उसले परीक्षा पास गर्न सक्दैन । ऊ फेल हुन्छ । त्यसैगरी आज मानिस अनुशासन, इमान्दारी, नैतिकता, एकता, प्रेम, सद्भाव तथा सहनशीलतामा पछि परेको छ । तर विडम्बनाको कुरा छ उसले यसलाई महत्त्व दिनुको सट्टा गौण रूपमा हेरेको छ । त्यसैले उसले सफलता प्राप्त गर्न सकिरहेको छैन । ऊ दुःखी छ, अशान्त छ, निराश छ, चिन्तित छ, समस्यै-समस्याले जकडिएको छ । यस्तो अशान्त मनमा अध्यात्मले सजिलै ठाउँ पाउन सक्दैन ।

स्रोत : कथा सरिता

# परमात्म-शक्तिद्वारा महापरिवर्तनको समय

✍ब्रह्माकुमार हेमन्त, शान्तिवन, आबुरोड

मानव जीवनको एकमात्र उद्देश्य हो सुख.... सुखका लागि नै त मानिसले एउटा प्यारो घरको सपना देख्दछ । यस्तो सुखदायी घर जसमा जीवनलाई आराम मिलोस्, थाकेको शरीरलाई आराम वा विचलित मनलाई आनन्द मिलोस्, यस्तो छानो जसमुनि बसेर त्यसलाई आफ्नो भन्न सकियोस् । यस्ता प्रियजन घुलमिल गरेर प्रेम प्यारले रहन्छन्, एकताको सूत्रमा उनिएर, जहाँ आगन्तुक अतिथिको सत्कार हुन्छ । यस्तो मनभावन घर कसलाई प्यारो लाग्दैन ? परन्तु यसको ठीक विपरीत धेरै ठूलो आधुनिक महल होस्, साधन सम्पत्तिको भरपूर होस्, तर प्रेमको सट्टा पैसाको महत्त्व होस्, आफ्नो पराईमा भेद भाव होस्, हर दिन धन दौलतका लागि झगडा भइरहोस् यस्तो घरलाई कसले घर भन्छ ? घर त त्यो हो जहाँ प्रेमको नदी बग्दछ, जसको किनारमा सुखको हरियाली हुन्छ, जहाँ हरेक दिलमा अमन चैनको राज्य हुन्छ, यस्तो घर त स्वर्गसमान हुन्छ । हर जीव चाहे मनुष्य होस् वा पशु पन्छी सबैले सन्तानको लागि सुखदाई घरको निर्माण गर्दछन् ।

परन्तु कालचक्र वा प्रकृतिको नियमानुसार नयाँ घर समय बित्दै जाँदा सधैं नयाँ नै रहँदैन । जसरी-जसरी समय बित्दै जान्छ त्यसै गरी नयाँ घर पनि कालान्तरमा पुरानो हुँदै जान्छ, अनि हामी त्यसको मरम्मत गर्छौं, जस्तै भित्ताको प्लास्टर भत्किएर गयो भने मिस्त्रीलाई बोलाएर प्लास्टर गराइन्छ, ढोका खिड्कीहरू बिग्रिए भने काठ मिस्त्रीलाई बोलाएर बनाउन लगाइन्छ, बिजुलीको तार चुँडियो भने वायरमेनलाई बोलाएर जोड्न लगाइन्छ । नाली खराब भयो भने प्लम्बरलाई बोलाइन्छ, तर घरै काम नलाग्ने भयो भने घर मूलीले त्यसलाई भत्काएर फेरि नयाँ घरको निर्माण गराउँछन् । त्यसका लागि तन-मन-धनको पूरा प्रयोग गर्दछन् । शारीरिक शक्ति, मानसिक शक्ति र आर्थिक शक्ति नै पुरानो ढल्दै गरेको घरलाई पुन: नवनिर्माणमा समर्थ हुन्छ । अर्थात् पुरानो दु:खदायी घरलाई सुखदायी बनाउनमा माता पिताको मानसिक, शारीरिक र आर्थिक शक्तिले भरपूर वा सर्वशक्तिले सशक्त हुन अनिवार्य हुन्छ,.... तर यी सारा प्रपञ्च साधारण माता-पिताको आफ्ना सन्तानको सुखका लागि ....।

जसरी दुई चार बच्चाका माता पिता आफ्ना सन्तानको सुखका लागि सुखदायी घर बनाउँछन्, यस्तै सर्व आत्माहरूका परमप्रिय परमपिता परमात्मा पनि धर्तीमा सुखमय संसाररूपी सुखदायी विश्वको निर्माण गर्ने गर्नुहुन्छ । कालचक्रको आदियुगको ईश्वर निर्मित सत्ययुगी संसार वास्तवमा सानो परिवार सुखी परिवारको जीवन्त झाँकी थियो । जहाँ हीरा-रत्न, माणिक-मोतीमा जडित स्वर्णिम महलमा सर्वगुण सम्पन्न १६ कला सम्पूर्ण देवताहरू अथाह सुख पाउनुहुन्थ्यो । बाघ र गाई एकै ठाउँमा पानी पिउँथे । प्रकृतिका पाँचै तत्त्व आत्मा पुरुषको आज्ञाकारी दास बनेर अविरल सेवा गर्दथे । समयरूपी चक्र अघि बढ्दै जाँदा सत्ययुगपछि त्रेता युग आउँछ । जहाँ सुख शान्तिको कमी त थिएन, परन्तु देवताहरूको थोरै उत्रिएको अवस्था अवश्य भएका थिए । १६ कला सम्पन्न देवताहरू २ कला कम भएकाले १४ कला सम्पन्न क्षत्रिय भनिए । सतोप्रधान आत्मा पुरुषमा र प्रकृतिमा अब सत्वगुणमात्र शेष रह्यो । जसरी नयाँ कार अथवा नयाँ घरबाट सम्पूर्ण सुख प्राप्त गर्न सकिन्छ, तर सेकेन्ड हेन्ड भएको कार र घरमा सुखको मात्रा कम हुँदै जान्छ, यस्तै विश्वरूपी घर थोरै पुरानो हुनाले सुखको गुणवत्तामा कमी आयो र पनि त्यो काल स्वर्गसमान सुखदायी थियो । सत्ययुग र त्रेतायुगमा एक राज्य, एक मत, एक भाषा, एक कुल र एकै आदि सनातन देवी-देवता धर्म थियो । यी दुवै युगहरूमा विश्वरूपी घर स्वर्गीय सुखको भण्डार नै थियो ।

जसरी सत्ययुग र त्रेतायुग बिते एवं द्वापर युग आरम्भ भयो तब आदि सनातन देवी देवता धर्मरूपी सत्यधर्मको सूर्यास्त हुन पुग्यो । चारैतर्फ अज्ञान अन्धकार छायो । जसरी रात हुनेबित्तिकै आकाशमा चन्द्रमा, ताराहरू उदय भएर आफ्नो प्रकाश फैलाउँछन्, ठीक यसरी नै इब्राहिम, बुद्ध, येशुजस्ता धर्म स्थापकरूपी धर्मका ताराहरूको विश्व क्षितिजमा उदय भयो तथा उनीहरूले आत्मिक बलद्वारा स्थापित धर्मले थोरै ज्ञान प्रकाश दिन शुरु गरे । परन्तु राती १२ बजेपछि अन्तिम प्रहरमा अँध्यारो अझ घना हुँदै जान्छ, त्यसरी नै द्वापर पूरा भएपछि घोर कलियुगमा अज्ञान अँध्यारो अझै घना हुन थाल्यो । जसमा मनुष्य विकारको वश भई पापकर्मरूपी धक्का खान पुग्यो, दु:खी भयो । सत्ययुगमा भएको सय प्रतिशत सुख बदिलएर शतप्रतिशत दु:ख भयो । साथै यी अन्तिम दुई युगमा ढल्न लागेको पुरानो दु:खदायी घररूपी विश्व पनि कलह क्लेशका कारण व्यथा, वेदना र यातना दिलाउने खालको दु:खधाम बन्यो ।

मिस्त्री, काठ मिस्त्री, प्लम्बर आदिलाई बोलाएर महलको मरम्मत गरेजस्तै विश्वरूपी घर जब-जब पुरानो हुँदै जान्छ, स्वस्थ व्यक्ति वा सुखी समाजको शारीरिक, आर्थिक, प्राकृतिक र राजनैतिक स्तम्भ कमजोर हुँदै गयो तब-तब धर्म नेताहरूले ज्ञानको दीप जलाएर श्रेष्ठ आचरणको मार्ग देखाई समाजबाट लुप्त हुँदै गरेका मूल्यहरूको स्थापनाको प्रयास गर्नुभयो । परन्तु उहाँहरूले पापाचार, अनाचार र अत्याचारलाई रोक्न सक्नुभएन । राज्य व्यवस्थामा भ्राष्टाचार, स्वार्थ, वंशवादले जरा गाड्दै गर्दा महात्मा गान्धी, अब्राहम लिंकन, नेल्सन मन्डेलाजस्ता राजनेताहरूले समय समयमा स्वतन्त्रताको आन्दोलन गरेर राज्य व्यवस्थालाई ठीक गर्ने प्रयास गरे । जब प्रकृतिका पाँचै तत्त्व प्रदूषित भए तब वैज्ञानिकहरूले उनीहरूलाई ठीक गर्न पनि प्रयास भएको हो । तर जति-जति यस तमोप्रधान रौरव नर्कसमान दु:ख दिनेवाला संसारलाई धर्म नेता, राजनेता वा विज्ञान नेताहरूले सुधार्ने पुरुषार्थ गरे, त्यति-त्यति यस संसारको अवस्था अझै बिग्रदै गयो । जुन संसार कुनै पनि धर्मात्मा, महात्मा, पुण्यात्मा वा वैज्ञानिकद्वारा ठीक हुन सकेन । अत: धर्मसत्ता, राजसत्ता र विज्ञान सत्ताले यस बिग्रिएको विश्व घरलाई सुधार गर्न नसक्ने कुरामा आफ्ना हात उठाए ।

त्यही समयमा अत्यन्त दु:खले पीडित, अनाथ आत्माहरूले यसलाई दु:खधामबाट छुट्कारा पाउन परमात्मालाई पुकारे । अत: ती आत्माहरूको प्यारा माता-पिता सर्व शक्तिमान् ईश्वरले यस वैश्विक घरको पुन: नवनिर्माण गर्न धरामा अवतरण गर्नुभयो । वर्तमान काल त्यही परमात्मा अवतरणको महाबेला नै पुरुषोत्तम संगमयुगको पावन समय हो । यो त्यो बेला हो जो स्वयं महाकाल मनुष्यलाई कालको प्रकोपबाट बचाउन आउनुभएको छ । वास्तवमा समय वा संसार सबैले एउटै आवाजमा परिवर्तनको माग गरिरहेका छन् । परिवर्तन प्रकृतिको अटल नियम एवं जीवन विकासका लागि अति आवश्यक प्रक्रिया हो । जीवनमा नवीनताद्वारा नै आनन्दको उपार्जन सम्भव हुन्छ ।

देवी देवताहरू द्वापरयुगपछि आत्म-ज्ञान र आफ्नो सत्य गुण स्वरूपलाई भुलेर स्वयंलाई आत्माको सट्टा देह सम्झिन थालेका कारण काम क्रोधादि विकारको अधीन भए । जसद्वारा ज्ञान धन, गुण धन र शक्ति धन गुमाए । जसरी घरको मुखिया तन-मन-धनको शक्तिले मात्र नयाँ भवनको निर्माण गर्न सक्षम हुन्छ, यस्तै यस जगत्को विशाल भवनलाई मानवसत्ताको शक्ति कामयाब नहुने भएपछि उही ज्ञान, गुण र शक्तिको सागर बलवान्हरूको पनि बलवान्, शक्तिमानहरूको पनि शक्तिमान् सर्वशक्तिमान्लाई नै यस धरामा आउनुपर्ने हुन्छ । किनकि मानव जो दुर्गुणको दास दानव बनी दु:ख दुनियाँको निर्माता बनेको छ । उसले अब केवल परमपिता परमात्माको सत्यज्ञान, दिव्यगुण र अलौकिक शक्तिहरूले स्वयंलाई देवता बनाएर धरालाई दैवी दुनियाँमा बदल्न सक्छ । वास्तवमा मानवको लोभ लालच, कामान्धता, क्रोध आदि विकारले संसारलाई पतन गराएको छ । यसलाई केवल मानवको परिवर्तनद्वारा नै ठीक गर्न सकिन्छ । सार रूपमा मानव बदलिएर देव बन्यो भने दुनियाँ सुखमय संसार यानि सुखद् विश्वरूपी घर बन्ने छ ।

अत: बिग्रिएको विश्वको तस्वीर सुधार्नका लागि आवश्यक छ, मानव मन वा स्वभाव संस्कारको परिवर्तन जो केवल परमात्म शक्तिद्वारा नै सम्भव छ । वर्तमान घोर कलियुग वा सत्ययुगको बीचको सन्धिकाल हीरातुल्य पुरुषोत्तम संगमयुगमा स्वयं निराकार ज्योतिर्बिन्दु परमपिता परमात्मा शिव प्रजापिता ब्रह्माको मनुष्य तनमा अवतरित हुनुभएको छ र मानवको तमो संस्कारलाई सुखदायी संस्कारमा बदलेर यस धराधामलाई सुखधाम स्वर्णिम संसारमा परिवर्तन गरिरहनुभएको छ । त्यसैले आउनुहोस् परमात्मा शक्तिको अनुभूतिद्वारा यस महापरिवर्तनको बेलामा स्वपरिवर्तन गरौं । स्वयंको तमोगुणी तमोप्रधान संस्कारलाई सतोगुणी सात्विक सतोप्रधान संस्कारमा बदलौं ।

# अद्भुत सृष्टि नाटकमा भगवान्‌को अद्भुत कार्य

✍ छिरिङ् लामा, सुधार गृह, भरतपुर

विश्वका सम्पूर्ण मनुष्य आत्माको परमपिता भोलानाथ शिवबाबाले ब्रह्मा मुख कमलद्वारा भन्नुहुन्छ– समय चक्र अनादि, अविनाशी, गतिशील, नित्य, निरन्तर चलि नै रहन्छ । कहिल्यै पनि रोकिँदैन । टिक-टिक गरेर घढी चलेजस्तै गरी चल्दछ । पल, घडी, प्रहर, दिन, हप्ता, महिना, ऋतु, वर्ष, युग र कल्प । यसरी नै मनुष्यको जन्म र मृत्य पनि चलि नै रहन्छ । यसमा एउटाको पार्ट अर्कोसँग मिल्दैन । यस गुप्त नाटकलाई यथार्थ जानेर सधैं खुशी रहनु नै मानव जीवनको कर्तव्य हो । यस नाटकमा हामी सबैका पिता, परमशिक्षक, परम सद्‌गुरु, पशुपति नाथ, मुक्ति र जीवनमुक्ति दाता, नाटकका आदि-मध्य-अन्त्यको ज्ञाता, तथा रचयिता मुख्य पात्र हुनुहुन्छ ।

वर्तमान समयमा उनै शिव भगवान्‌ले यस सृष्टि नाटक सम्बन्धी भनिरहनुभएको छ– तिमी बच्चाहरू यहाँ पहिलोपटकमात्र आएका होइनौ, तिमीहरू ५ हजार वर्षपूर्व पनि यही स्थानमा, यही समयमा, यही नाम र रूपमा यहाँ आएका थियौ । किनकि यस नाटकका सबै दृश्यहरू हर ५ हजार वर्षपश्चात् जस्ताको त्यस्तौ दोहोरिने गर्दछन् । हरेक ५ हजार वर्षपछि म पनि यस कलियुगको अन्त्य र सत्ययुगको आरम्भको संगमको समयमा यसरी नै आफ्नो घर परमधामबाट साधारण मनुष्य तनमा परकाया प्रवेश गरी यहाँ आउने गर्दछु । यो रावण तथा कंसरूपी मायाको जालबाट छुटाउन म नै आउनुपर्छ । कुनै पनि मनुष्यको शक्तिले तिमीलाई काम, क्रोध, लोभ, मोह, अहंकारजस्ता विकारबाट छुटाउन सक्दैन । म मनुष्य सृष्टिरूपी कल्प वृक्षको चैतन्य बीजरूप हुँ । म यो साकार मनुष्य लोकभन्दा धेरै टाढा निलो आकाश, चन्द्र, सूर्य तारामण्डलभन्दा पनि पर ब्रह्मलोकमा निवास गर्दछु । म कल्पभरिमा एक पटकमात्र सृष्टि परिवर्तन गर्न आउँछु । म सर्वज्ञ भएको हुनाले सृष्टि नाटकमा खेलहरू कसरी चल्छन्, मनुष्य आत्माहरू ८४ जन्मको चक्रमा कसरी आउँछन्, स्वधर्म र परधर्म भनेको के हो, हरेक कल्पमा विश्वको इतिहास र भूगोल कसरी पुनरावृत्ति हुन्छ ? यी सबै कुरा सुनाउन म आउँछु । सत्ययुगदेखि कलियुग अन्त्यसम्मको यथार्थ समाचार सुनाउँछु । दुनियाँमा पनि भन्ने गर्छन्– कलियुगको अन्त्य हुने समयमा भगवान् आउनुहुनेछ र ज्ञान दिनुहुनेछ । तर कलियुगको अन्त्य कहिले र कसरी हुन्छ भन्ने कसैलाई पनि थाहा छैन ।

अगाडि भगवान् शिव भन्नुहुन्छ– समयलाई चिनेर आफ्नो भाग्यको फैसला आफैं गर । अब कलियुगको यस घोर निद्रामा सुतिरहने समय छैन । बिउँझिनु छ, बिउँझाउनु छ । अब कलियुग दुःखधामलाई छोडेर आफ्नो असली घर शान्तिधाम जानु छ ।

शास्त्रानुसार प्राचीन कालमा सृष्टिको प्रथम जीवात्मा ब्रह्माले यज्ञ गर्दा यज्ञ, सेवा र आहारशुद्धिमा विशेष ध्यान दिएको पाइन्छ । अहिले परमपिता शिवले ब्रह्माद्वारा यज्ञ रच्नुभएको छ । यज्ञ सेवाद्वारा भाग्य बनाउने र सबैको मनोकामना पूरा गर्ने समय आएको छ । शास्त्रमा ब्रह्माजीको आयु १०० वर्ष भनिएको छ । संगमको आयु पनि १०० वर्षको छ । परमात्मा शिवले यही संगमयुगको समयमा ब्रह्मालाई जन्म दिनुभएको हो । मान्न त सबैले परमात्मा निराकार हुनुहुन्छ भनेर मानेका छन् तर उहाँले यस सृष्टिमा कसरी, कहिले सृष्टिको स्थापना गर्नुहुन्छ भन्ने कुरा सबैलाई थाहा छैन । उहाँ यस सृष्टिमा साकार माध्यम ब्रह्माको तनमा अवतरण भएर ज्ञानद्वारा मनुष्यहरूलाई नयाँ जन्म दिनुहुन्छ । विनाज्ञान आँखा भएर पनि मानिस अन्धोसमान हुन्छ । शिव भगवान् भन्नुहुन्छ– म गुप्त छु, गुप्त युगमा, गुप्त कार्य गरिरहेको छु, यसलाई बुझेर आफ्नो भाग्यलाई जगाउने समय हो । समयलाई सफल गर्नु तिमीहरूको अधिकार तथा कर्तव्य दुवै हो ।

म लेखकलाई पनि यस जेलमा बस्नु परेकोमा खेद त छ तर यसमा पनि आफूलाई यथार्थमा आत्मा सम्झिएर परमात्मा पितालाई पनि ज्योति रूपमा याद गर्न पाउनु मेरो श्रेष्ठ स्थिति मान्दछु, हुन त सारा संसारै पनि जेल नै हो । यहाँ हामीले भगवान्‌को यादद्वारा आत्मामा रहेका विकारलाई हटाउने पुरूषार्थ गर्न सक्छौं । स्थूल शरीरको मुक्तिका साथै पाँच विकारको चङ्गुलमा फँसिरहेको आत्माको मुक्तिका निम्ति परमात्माको याद गर्दा समयको सदुपयोग हुन्छ । आफ्नो मनलाई शक्तिशाली बनाउन सकिन्छ । ❋

## निराकारी, निर्विकारी र निरहंकारी स्थिति

साभार : गीता का सत्य सार

गीतामा ज्ञानवान् मनुष्यको लक्षणको चर्चा गर्दै भनिएको छ– उसमा अभिमान र मोह हुँदैन । उसले विषय विकाररूपी दोषहरूको आसक्तिलाई जितेको हुन्छ । उसमा कुनै पनि प्रकारको इच्छा, आकांक्षा या अभिलाषा हुँदैन । बरु उसमा उच्च कुलीन लक्षण विद्यमान हुन्छन् । ऊ नित्य आत्मिक स्थितिमा स्थित रहेको हुन्छ । अर्को शब्दमा त्यसको भाव यो हो– ऊ निरहंकारी, निर्विकारी र निराकारी अवस्थामा स्थित हुन्छ । ऊ खराब संगतबाट सधैं बचिरहन्छ । यहाँ खराब सङ्गत भन्नाले केवल आसुरी स्वभाववालाको संगको दोषमात्र लक्षित गरिएको छैन बरु चञ्चल इन्द्रियहरूको संग-दोष तथा आफ्ना जे-जति पुराना आसुरी संस्कार छन् तिनको सङ्गत नगर्नु यसको अभिप्राय हो । यसका अतिरिक्त यो पनि भनिएको छ– उसको मनमा न कुनै द्वन्द्व हुन्छ, न कुनै अल्झन । उसको मनमा यो प्रश्न हुँदैन- यस्तो गरौं वा नगरौं, बरु भगवान्‌बाट स्पष्ट ज्ञान प्राप्त गरिसकेपछि अब उसका अगाडि कर्तव्यको मार्ग पनि स्पष्ट हुन्छ र आफूले ती कर्तव्यहरूलाई पालन गर्नाले अथवा आफ्नो योग तपस्या तथा दिव्य गुणहरूको धारणाको पुरुषार्थको क्रममा यदि उसको सामुन्ने दुःख-सुखको परिस्थिति आउँछ भने त्यसमा पनि ऊ समान रहन्छ ।

**अपकारीलाई पनि उपकार गर्नेवाला अथवा कल्याण-मूर्त** – गीतामा भगवान् परमपिता परमात्माले भन्नुभएको छ मलाई त्यो आत्मा प्रिय लाग्छ जसको कसैसँग द्वेष हुँदैन । बरु सबैप्रति मित्रभाव, करुणा तथा क्षमाका गुण हुन्छन् । यहाँ भगवान्‌ले यो पनि भन्नुभएको छ– मलाई त्यो आत्मा प्रिय लाग्छ जसमा मोह नहोस् । यदि कुनै मानिसले अन्य कुनै देहधारीमा मोह राख्छ भने त्यसको परिणामस्वरूप उसले कसैलाई आफ्नो र कसैलाई पराई ठान्दछ । यदि उसमा यस्तो भाव आउँछ भने उसले अरूसँग पक्षपात, ईर्ष्या, द्वेष तथा असहयोगको भावले व्यवहार गर्दछ । यस्तो व्यक्ति न त अद्वेष्टा हुनसक्छ न नै विश्व-कल्याणकारी । विश्व-कल्याणकारी त ऊ नै हुनसक्छ जसको सबैप्रति मित्रभाव र करुणाभाव हुन्छ । यसैले– गीतामा ममत्वलाई मेटाउन अथवा मोहलाई नाश गर्नका लागि बार-बार प्रेरणा दिइएको छ किनकि मोह र ममत्वले मानिसको स्मृतिलाई छिन्न-भिन्न गरेर उसको दिव्य गुणलाई ह्रासोन्मुख गर्दछ । ❋

**प्रस्तोता** : ब्रह्माकुमार पद्मपाणि सुवेदी, भरतपुर

## धन्यवाद

शिव बाबाको पावन दृष्टि
गर्छ जीवनमा सुखको वृष्टि
जसले सुन्दछ मुरलीको ज्ञान
बन्दछ उसको जीवन महान ।

जो-जो यसको अनुसरण गर्छन्
उन्नत चाल-चलन सिक्छन्
पतित हुँदै अतीत बितायौं
बल्ल बाबाको सत्य ज्ञान पायौं ।

पतित पावन आऊ भन्दै
रोयौं करायौं दुःख कष्ट झेल्दै
बाबा बन्नु भो दयानिधान
कलह क्लेश सब भयो निदान ।

विषय विकार छोडी छोडी
देह-अभिमान तोडी तोडी
गर्नु छ हामीले धेरै आज
परमात्म शक्ति राखी सधैं साथ ।

निराकार बाबाको पाई ज्ञान
बन्नु छ हामी सतोप्रधान
आत्मा रूपी दीपक बाल्छौं
ज्ञानको ज्योति जगमग पाछौं ।

एक्काइस जन्मको अवधि भर
ग्यारेण्टी छ, छैन केही डर
रैछौं हामी अति भाग्यमानी
बोलाउनु भो हामीलाई छानी-छानी ।

कुमार्गबाट निकाली सत्मार्गमा लगायौ
दुर्बुद्धि हटाई सद्‌बुद्धि दियौ
शक्ति भर्नुभो दिई आशीर्वाद
बाबा हजुरमा लाख लाख धन्यवाद ।

✍ निर्मला घिमिरे, केशरबाग, चितवन

## मायासँग युद्ध

वरदान छ सदा हामीलाई मायाजित् भनेर
तर माया आउँछ बाबा ठूलो जाल बुनेर
घरी आउँछ जाल बुनी बाबालाई नै भुलाइदिने
निद्रा बनी आउँछ कहिले यादमा नै सुताइदिने ।

दौडाउँदिन यो मनलाई बनाइदिन्छु सच्चा मित्र
जति खेदो गरे पनि बस्छ हाम्रै मनभित्र
देह भानमा पुऱ्याइदिन्छ, अनि हुन्छ हाउभाउ
तड्पाइदिन्छ मनलाई शान्ति खोज्न कता जाऊँ ।

श्रीमत मिल्छ हामीलाई बन्नलाई अङ्गदसमान
लुकी छिपी आउँछ माया समाइदिन्छ नाक-कान
बिर्साइदिन्छ बाबालाई अहंकारको भूत बनी
आफ्नो बशमा राख्छ अनि गर्न थाल्छ ढलीमली ।

अमृत बेला प्रभु पालना यसको पूरा लाभ लेऔं
पुरुषार्थ गरौं सदा मायालाई बिदा देऔं
देखाऔं सदा हामीले सबैलाई खुशी मुहार
पखालिन्छ मनको मैला भाग्छ अनि अन्धकार ।

✍ उमा न्यौपाने चनौली, चितवन

मूल्यनिष्ठ............

गर्ने प्रेरणा कसरी र कहाँ आउँछन् ? देहको आकर्षणले आत्मामा गाँठो (असजिलो) पैदा हुन्छ भने आत्मिक भानले अहिंसा परमो धर्मको स्थापना हुन्छ । तेरो-मेरोको मोहजाललाई छोडेपछि मात्र विश्व बन्धुत्व कायम हुनसक्छ । मूल्यनिष्ठ सिद्धान्तमा चल्नाले नै सभ्यताको दिव्य धारणा कायम हुनेछ । आज त राग-द्वेष उच्च निचमा फँसेर सबै व्याकुल छन् । परिणाम स्वरूप वायुमण्डल नै तमोप्रधान बनेको छ । काम-क्रोध-लोभ-मोह-अहंकार-ईर्ष्या-द्वेष-आलस्य तथा भय र निन्दारूपी रावणका दश शिरलाई काटेर नै जीवनमा निर्मलता वा शीतलता आउँछ ।

सबैसँग मैत्रीभाव राख्नाले संसारमा करुणामयी ज्ञानको गंगा बग्नेछ । फलत: चित्तशुद्ध भएर आत्मालाई निर्दोष-निर्विकार बनाउँदै गइन्छ । बन्धनविहीन भएपछिमात्र आत्मामा ज्योति जाग्नेछ । जसद्वारा पावन बनेर परिवर्तनशील पदार्थ, विकारी सम्बन्धबाट निरासक्त हुँदै जानेछ । यस्तो सुखस्वरूप आत्मा नै मुक्ति-जीवन्मुक्तिको अधिकारी बन्दछ । जीवन कमलवत् बनेको छैन, सबैतिर उथल-पुथल मच्चिरहन्छ, विकार जागृत् भइरहन्छन् र हामी तिनको दमन गरिरहन्छौं भने विजयी योद्धा कहलाइने छैनौं । ब्रह्मा सरस्वतीजस्तै अन्तर्तपद्वारा निर्विकारिता अपनाउँदैनौं भने मूल्यनिष्ठ सत्ययुगी दुनियाँमा कसरी आउने ?

सम्पूर्ण पवित्रताद्वारा मूल्यनिष्ठ सृष्टिको नवनिर्माता बनौं । खराबीलाई जरैदेखि समाप्त गरेनौं भने अन्तिम विनाशको समयमा तिनै विकार शिरमा सवार भएर बेचैन गर्नेछन् । दैवी संस्कृतिको स्थापनाका मूलाधार उनीहरू नै बन्न सक्छन् जसले विकारलाई जीवनमा प्रवेश नै गर्न दिँदैनन् । चित्तमा कमजोरीको छाया पनि पर्नुहुँदैन । कसैप्रति पनि आसक्ति नहोस् । अन्यथा खराबी उत्पन्न हुने अवसर मिलिरहनेछ । आध्यात्मिक जीवनशैली अपनाएर अबदेखि मूल्यनिष्ठ समाजको स्थापनाको निमित्त बनौं । तबमात्रै देवी-देवताजस्तै सर्वगुणसम्पन्न, सम्पूर्ण निर्विकारी, १६ कला सम्पूर्ण, मर्यादा पुरुषोत्तम बनेर अहिंसा परमोधर्मको स्थापनामा भगवान्को सहयोगी बनिनेछ । जन्म-जन्मान्तरका लागि सबै अलंकार हरूद्वारा अलंकृत भएर पवित्रता-सुख-शान्ति-आनन्दको अधिकारी सो विश्व राज्य अधिकारी बनिनेछ । ❃

## सय रूपयाँको एउटा कुरा

एक जना सेठ थिए । उनी धेरै इमानदार तथा धार्मिक प्रवृत्ति भएका थिए । एक दिन उनीकहाँ एक जना बूढा पण्डितजी आए । पण्डितजीलाई देखेर सेठको मनमा दया जाग्यो । सेठले आदरपूर्वक पण्डितजीलाई बसाए र प्रार्थना गरे– मेरो लाभको लागि केही राम्रा कुरा सुनाइदिनुहोस् । पण्डितजीले भने– कुरा त धेरै राम्रा सुनाउँला तर तिनको दाम लाग्ने छ ! एउटा कुराको सय रूपयाँ लाग्छ । सेठले भने – कुरा तपाईं सुनाउनुहोस् पैसा म दिउँला । पण्डितजी भन्न थाले– सानो मान्छे ठूलो भयो भने उसलाई ठूलै मान्नुपर्छ, सानो होइन । सेठले आफ्नो लेखापालसँग भने– पण्डितजीलाई एक सय रूपयाँ देऊ । लेखापालले सय रूपयाँ दिए । सेठले भने– अरू कुनै कुरा सुनाउनुहोस् । पण्डितजीले भने– अरूको दोषलाई प्रकट गर्नु हुँदैन । लेखापालले सय रूपयाँ दिए । सेठले भने अरू केही, पण्डितजी– जुन काम नोकरबाट हुन्छ, त्यसलाई गर्नमा आफ्नो समय लगाउनु हुँदैन । लेखापालले यसको पनि एक सय रूपयाँ दिए । सेठले भने अझै एउटा कुरा सुनाउनुहोस् । पण्डितजीले भने– जहाँबाट मन एकपटक हट्दछ त्यहाँ फेरि रहनु हुँदैन । लेखापालले यसको पनि एक सय रूपयाँ दिए । पण्डितजी उठेर गए । सेठले चारै कुरा याद गरे साथै घरमा, पसलमा चारैतिर लेखाए ।

केही समयपछि सेठको व्यापारमा घाटा लाग्न शुरु भयो । घाटा लाग्दा-लाग्दै यस्तो परिस्थिति आयो कि सेठलाई शहरै छोडेर अर्को ठाउँमा जानुपर्ने भयो । उसका साथमा लेखापाल पनि गयो । जाँदा-जाँदै उनीहरू एउटा शहरको नजिकै पुगे । सेठले उसको लेखापाललाई शहरबाट केही खाने पिउने सामान लिएर आऊ भनी पठाए । दैव योग अनुसार त्यस शहरको राजाको मृत्यु भएको रहेछ । उसका कुनै सन्तान रहेनछन् । मानिसले यो निश्चय गरेछन् कि जो व्यक्ति त्यस दिन त्यस शहरमा सबैभन्दा पहिले प्रवेश गर्छ उसलाई राजा बनाइने छ । जसै लेखापाल त्यस शहरमा पुग्यो मानिसले उसलाई हात्तीमा बसाएर धुम-धामसँग महलमा लिएर गए र राजसिंहासनमा बसाइदिए ।

यहाँ सेठ लेखापाल फर्किने प्रतीक्षा गरिरहेका थिए । जब धेरै ढिलो भयो, तब सेठ आफैं लेखापालको पत्ता लगाउनका लागि शहरमा गए । शहरमा जाँदा सेठलाई थाहा लाग्यो– लेखापाल त यहाँको राजा बनिसके । सेठले महलमा गएर उसलाई भेटे । राजा बनिसकेको लेखापालले सारा कहानी बताइदियो । त्यतिखेर सेठलाई पण्डितजीको भनाइ याद आयो । 'सानो मानिस ठूलो भयो भने उसलाई ठूलै मान्नु पर्छ ।' सेठले राजालाई प्रणाम गऱ्यो । राजाले उसलाई मन्त्री बनाएर आफ्नो पासमा राख्यो ।

समय बित्दै जाँदा राजाको एउटा कर्मचारीको रानीसँग अनैतिक सम्बन्ध चल्नथाल्यो । सेठलाई यस कुराको थाहा लाग्यो । सेठले देख्यो यी दुवै एकै ठाउँ बसेर कुरा-कानी गरिरहन्छन् । सेठलाई पण्डितजीको कुरा याद आयो– अरूको दोष प्रकट नगर्नू । कसैले नदेखोस् भनेर सेठले आफूसँग भएको सलद्वारा पर्दाजस्तो बनाई छेल्ने काम गरे तर जब रानी त्यहाँबाट फर्किइरहेकी थिइन् तब धागोमा सल देखेर उनलाई शंका भयो र पत्ता लगाइन् कि यो सल सेठको हो । रानीले सोचिन्– मेरो कुरा राजासम्म नपुगोस् । यही डरले उनी राजाको पासमा गइन् र सेठ विरुद्ध उल्टा सुल्टा कुरा सुनाएर भनिन् आज मन्त्रीको नियत ठीक थिएन । उसले मसँग खराब व्यवहार गर्न खोज्यो तर मैले जब चिच्याएँ तब मन्त्री त्यहाँबाट हट्यो तर मैले उसको सल लिएर आएँ, हेर्नुहोस् । राजालाई रानीको कुरा सही लाग्यो र तुरन्त मन्त्रीलाई मार्ने निर्णय लिए । राजाले मासु बेच्नेवालालाई भने– भोलि जो पनि मेरो चिठी लिएर आउनेछ उसलाई मारिदिनु ।

राजाले अर्को दिन मन्त्रीलाई बोलाएर भने – यो चिठी लिई गएर मासु लिएर आउनुहोस् । सेठ त ब्राह्मण थिए उनी मासुलाई छुनसम्म छुँदैनथे । सेठलाई फेरि पण्डितजीको कुरा याद आयो– जुन काम नोकरबाट हुन्छ त्यसलाई गर्नमा आफ्नो समय बरबाद नगर्नू । यसैले सेठले मासु ल्याउनका लागि एउटा नोकरलाई पठाए साथै राजालाई पनि गुप्तचरद्वारा यो थाहा भयो कि यो गल्ती त रानीको नै थियो । उसको त्यो कर्मचारीसँग प्रेम सम्बन्ध थियो । तब राजालाई धेरै पश्चात्ताप भयो– उसले गल्तीले आफ्नो इमानदार सेठलाई मारिदियो । पछि गएर जब राजालाई सेठ जिउँदै छन् भन्ने थाहा भयो तब राजा तत्काल उठेर सेठलाई भेट्न गएर पुन: मन्त्री पद सम्हाल्नका लागि भने, तर सेठले उनलाई पण्डितजीको कुरा याद दिलाए र भने म त पण्डितजीको कुरा अनुसार चल्छु उनकै कारणले मेरो प्राण बच्यो । पण्डितजीले यो पनि भनेको थियो– जब कहींबाट दिल हट्दछ भने त्यहाँ रहिरहनु हुँदैन । यसैले मबाट यहाँ गइरहेको छु ।

शिक्षा : जीवनमा ज्ञानका कुरा धारणा गर्नाले फाइदा नै हुन्छ । यसैले परमात्माको सल्लाहलाई बुझौं र जीवन अनमोल बनाऔं । ❃

साभार : फेसबुक, ज्ञानामृतद्वारा प्रेषित



**सामुदायिक चिकित्सालय रजहर**: 'श्याम कृष्ण भवन' समुद्घाटन कार्यक्रममा सम्माननीय प्रधान मन्त्रीलाई ईश्वरीय उपहार प्रदान गर्नुहुँदै ब्रह्माकुमारी लक्ष्मी दिदी, चिकित्सालयका अध्यक्ष हेमराज कोइराला, समाजसेवी गौरीदेवी प्रधान तथा अन्य ।



**काठमाण्डौ** : विजया दशमीको शुभकामना आदान-प्रदान कार्यक्रमका प्रमुख अतिथि उप प्रधानमन्त्री एवं संघीय मामिला तथा स्थानीय विकास मन्त्री प्रकाशमान सिंहलाई ईश्वरीय उपहार प्रदान गर्नुहुदै राजयोगिनी राज दिदीज्यू साथमा ब्रह्माकुमार रामसिंह ऐर ।




**गैंडाकोट** : माननीय उप-प्रधान मन्त्री प्रकाशमान सिंहको प्रमुख आतिथ्यमा आयोजित प्रथम गैंडाकोट महोत्सवको समुद्घाटन समारोहमा शुभकामना व्यक्त गर्नुहुँदै ब्रह्माकुमारी लक्ष्मी दिदी, मञ्चासीन अनन्त श्री स्वामी ज्ञानानन्दजी महाराज, माननीय सभासद् सशांक कोइराला तथा अन्य ।




**हेटौंडा** : दीपावलीको शुभकामना आदान प्रदान कार्यक्रम पश्चात् माननीय सभासद् अनन्त पौडेललाई ईश्वरीय उपहार प्रदान गर्नुहुँदै ब्रह्माकुमारी सुशीला दिदी साथमा ब्र.कु. विष्णु ।



**चनौली, चितवन** : दीपावलीको कार्यक्रमपश्चात् ग्रुप फोटोमा उ.वा.संघ चित्रवनका अध्यक्ष महेन्द्रराज श्रेष्ठ, समाजसेवी बाबुराम श्रेष्ठ, रामकाजी श्रेष्ठ, ब्रह्माकुमारी सविता एवं सुनिता तथा अन्य ।



**धरान** : धरान नगरपालिकाका कार्यकारी अधिकृत टीका दत्त राईलाई सेवाकेन्द्रमा स्वागत पश्चात् ईश्वरीय उपहार प्रदान गर्नुहुँदै ब्रह्माकुमारी नानी मैया ।



दीपावलीको अवसरमा नारायणगढ क्षेत्रका सेवा केन्द्रहरूको सामुहिक रूपमा आयोजित देउसी भैलो कार्यक्रमको एक दृश्य ।



**नारायणगढ** : नव आगन्तुक कार्यालय प्रमुखहरूको स्वागत सम्मान कार्यक्रममा प्र.जि.अ. डा. मन ब. विश्वकर्मा, एस.एस.पी. रमेश खरेल, एस.पी. सहकुल थापा, एस.पी. शम्भु उप्रेती, सहायक प्र.जि.अ. जनार्दन गौतम, अनुसन्धान कार्यालयका प्रमुख माधव तिमिल्सिना, ब्रह्माकुमारी लक्ष्मी दिदी एवं ब्रह्माकुमार अर्जुन ।

**ईश्वरीय सेवामा**

नाम :

ठेगाना :

संरक्षक : निर्देशक ब्रह्माकुमारी राजदिदी ❋ सल्लाहकार : ब्रह्माकुमार रामसिंह ऐर ❋ प्रधान सम्पादक : ब्रह्माकुमार अर्जुन श्रेष्ठ ❋ सम्पादक : ब्रह्माकुमार विजयराज सिग्देल ❋ सह-सम्पादक : ब्रह्माकुमार भागवत नेपाल ❋ प्रकाशक : ब्रह्माकुमारी राजयोग सेवा केन्द्र, ॐ शान्ति भवन, नारायणगढ, चितवन। फोन: ०५६-५२०५४७, E-mail:gyanjyoti.monthly@gmail.com, Website:www.bkchitwan.org, www.brahmakumaris.com ❋ मुद्रक : मल्टि ग्राफिक प्रा. लि., बाफल, काठमाण्डौं